स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नेपाली फिल्म अवार्डको महत्व र गरिमा स्खलित हुँदै गइरहेको छ । आजभोली अवार्ड काम र योगदानको मूल्यांकनको आधारमा नभइ लोकप्रियताको आधारमा बढी बाँडिन्छ । यसको एउटा दृष्टान्त हो, आइतबार अमेरिकामा भएको 'ग्लोबल नेपाली फिल्म अवार्ड' । त्यहाँ अनमोल केसीले 'स्टार अफ दि इयर'को अवार्ड पाए । यो अवार्डलाई उत्कृष्ट अभिनेतातर्फ भनेर ब्याख्या गरिएको छ । अर्थात् चर्चा र अभिनय दुवै आधारमा उनलाई अवार्ड सुम्पिएको हो ।

**आजको विचार...**



शंकरप्रसाद रिजाल

नेपालको... (दुई पेजमा)



अभिनेत्री दीया पुनले सफलतापूर्वक अफ्रिकाको सबैभन्दा अग्लो हिमाल किलिमन्जारोको आरोहण गरेकी छन् । आइतबार बिहान ठीक साढे ७ बजे उनी हिमालको चुचुरोमा पुगेकी हुन् । ५ हजार ८ सय ९५ मिटर (१९ हजार ३४१ फिट) अग्लो उक्त हिमालको चुचुरोमा पुगेपछि उनले नेपालको झण्डा फहराएकी थिइन् । उनले आफ्नो अर्को सपना पूरा भएको भन्दै खुसी व्यक्त गरेकी छन् । दीयाले पहिलो पटक हिमाल चढेकी भने होइनन् । गत वर्षको जेठमा संसारकै सबैभन्दा अग्लो हिमाल सगरमाथाको सफलतापूर्वक आरोहण गरेकी हुन् ।

❐ वर्ष २९ ❐ अंक ३० ❐ २०८० साउन ३० गते मंगलबार 15 August 2023, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### भारी वर्षाका कारण २४ जनाको मृत्यु

(रासस/एएफपी)

**देहरादून,** साउन २९/भारतमा अविरल वर्षाका कारण आएको बाढी र पहिरोमा परी कम्तीमा २४ जनाको मृत्यु भएको छ । मृतकमध्ये नौ जनाको मन्दिर भत्किँदा मृत्यु भएको छ भने दर्जनौं बेपत्ता भएको अधिकारीहरुले सोमबार जानकारी दिएका छन् । केही दिनदेखिको मुसलधारे वर्षाका कारण उत्तरी राज्य उत्तराखण्ड र हिमाञ्चल प्रदेशमा सवारी साधन बगाएको छ, भवन र पुलहरू भत्किएका छन् । बाढी र पहिरो सामान्य कुरा हो र यसले भारतको जोखिमपूर्ण मनसुनको मौसममा व्यापक विनाश निम्त्याउँछ । विशेषज्ञहरूका अनुसार जलवायु परिवर्तनले यसको आवृत्ति र गम्भीरता बढाइरहेको छ । सबैभन्दा बढी प्रभावित राज्य हिमाञ्चल प्रदेशका मुख्यमन्त्री सुखविन्दर सिंह सुखुले पछिल्लो २४ घण्टामा कम्तीमा १६ जनाको मृत्यु भएको पुष्टि गरेका छन् । 'स्थानीय प्रशासनले अझै फसेका व्यक्तिहरूको उद्धारका लागि भग्नावशेष हटाउन लगनशीलताका साथ काम गरिरहेको छ,' मुख्यमन्त्रीले जारी गरेको विज्ञप्तिमा भनिएको छ । सुखुले स्थानीय बासिन्दालाई घरभित्रै बस्न र नदी नजिक नजान आग्रह गरेका छन् । प्रभावित हिमाञ्चल राज्यका विद्यालयहरू बन्द गरिएको उनले बताए । छिमेकी राज्य उत्तराखण्डमा भारी वर्षाका कारण पहिरो जाँदा मानिसहरू पुरिएको आशङ्कामा उद्धार टोलीहरू भग्नावशेष हटाउन निरन्तर खटिरहेका छन् । राज्यमा शुक्रबारदेखि अहिलेसम्म कम्तीमा आठ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

# दु:ख दिए बाँदर र बदेलले, धपाउन बारीमै बास

## बाली जोगाउनै किसानलाई मुस्किल

रामचन्द्र रायमाझी/दीपक पोखरेल





**पाल्पा,** साउन २९/बाली नालीलाई बाँदरले मात्र होइन बदेलले पनि सखाप पार्ने गरेको छ । जंगलनजिकै खेतीबारी हुने किसानहरु दिनभरि बाँदर धपाउँछन् भने राति बदेल ढुकेर बस्छन् । पछिल्लो समय पाल्पा र गुल्मीका अधिकांस ठाउँका किसान दिनरात नभनी खेतबारीमै बास बस्न बाध्य छन् । यहाँका ग्रामीण क्षेत्रमा बाँदर र बदेलले बालीनाली सखाप पार्न थालेपछि स्थानीयवासी बारीमै जाग्राम बस्न थालेका छन् । दिनभर बाँदर र रातको समयमा बदेलको समूह आएर मकै, कोदोलगायतको बाली नाली नष्ट गर्न थालेपछि किसान बालीनाली जोगाउन रातभर बारीमै बास बस्न थालेका हुन् । मकै पाक्न लागेको समयमा नजिकैका जंगलबाट बाँदर र बँदेलको समूह आएर बारीका मकै खाने गरेको पीडित किसानहरु बताउँछन् ।

बगनासकाली गाउँपालिका यम्घाका हरी न्यौपाने बाँदर र बदेल धपाउन दिनरात बारीमै जागराम बस्छन् । घोगा लाग्ने बेलाको मकै बँदेल र बाँदरले नष्ट गर्न थालेपछि उनीमात्र नभई गाउँका किसान मकै बारीमै दिनरात बिताउन बाध्य छन् । पाक्न लागेको बाली नष्ट गरेर बाँदर र बदेलले दु:ख दिन थालेको पीडित किसान न्यौपानेको भनाई छ । बालीनाली जोगाउन बारीमै रातभर जाग्राम बस्ने गरेको उनले बताए । बाँदर र बदेल आतंकका कारण बारीमै सुत्न बाध्य भएको रैनादेवी छहरा-४ ध्वाघाटका किसान श्रीकृष्ण आत्रेयले बताए । 'दिउँसो बादर धपायो रातिमा बँदेल आएर सताउँछ, पाक्न लागेको मकै बालिमा क्षति पुऱ्याएपछि अहिले हामी गाउँभरका किसान बारिमै सुत्न बाध्य छौं' उनले भने । बारिमै टहरो बनाएर दिन रात बाँदर र बदेलको निगरानी गर्नु परेको आत्रेयको भनाई छ । उनले राहतको नाममा बीउको क्षतिपूर्ति भन्दा पनि किसानलाई गरी खाने वातावरण सिर्जना गरिदिन स्थानीय सरकारलाई आग्रह गरेका छन् । त्यस्तै अर्का पीडित किसान टेकराज पोखरेलले बारिमा बदेल र बाँदरले क्षति पुऱ्याएको मकै देखाउदै भन्छन् 'यसरी नै बाँदर, बदेलको आतंक बढ्दै गएमा आटो खाना त परै जाओस् पोलेर खाने मकै समेत हुँदैन ।' बाँदर नियन्त्रणमा स्थानीय सरकारले पहल गरिदिनुपर्ने पोखरेलले बताए । पालिका अध्यक्ष रुक्मागत भट्टराईले भने स्थानीय सरकार एक्लैले बाँदर नियन्त्रण गर्न नसक्ने बताए । उनले यस विषयमा केन्द्रीयस्तरबाटै नीति बन्न आवश्यक रहेको बताए । अध्यक्ष भट्टराईले भने 'बाँदर र बदेलबाट किसानले भोग्नुपरेको क्षतिप्रति स्थानीय सरकार गम्भीर छ ।' बँदेल र बादर आतंकको समाधानको लागि पहल गरिदिन प्रदेश सरकारलाई कार्यपालिकाको निर्णय गरेर पठाएको समेत उनले बताए । बालीमा क्षति पुगेका किसानहरुको विवरण संकलन गरेर राहतको व्यवस्था गरिने अध्यक्ष भट्टराईले बताए । यता कृषि ज्ञान केन्द्र पाल्पाले जंगली जनावरले पुऱ्याएको क्षतिमा आफुहरुले केही गर्न नसक्ने बताएको छ । कृषि ज्ञान केन्द्रकी प्रमुख कामना अधिकारीले त्यसका लागि पालिकाको कृषि शाखाबाटै किसानले राहतको लागि पहल गर्न सकिने बताईन । पाल्पाका अन्य ठाउँहरुमा पनि बाँदर र बदेलबाट बाली जोगाउन किसानालाई सकस परेको छ ।

**गुल्मीका किसान पनि हैरान**

उता गुल्मीका किसान पनि बाँदर र बदेलबाट हैरानी भएका छन् । जिल्लाका अधिकांश स्थानमा लगाइएको अन्नबाली बाँदर र बदेलले क्षति पुऱ्याउने गरेको छ । बारीमा मकै पाक्न लागेको समयमा नजिकैका जंगलबाट बाँदरको समूह आएर बालीनाली सखाप पार्न थालेपछि किसान चिन्तित छन् । बाँदर र बदेलको समूहले मकै, बेसार, पिडालु, तरुल लगायतका बाली नाली खाइदिने गरेको गुल्मी इस्मा -२ का गर्भर मल्ल बताउँछन् । 'बर्सेनी पाक्न लागेको बाली नष्ट गरेर बाँदरले दु:ख दिन थाले, बालीनाली जोगाउन बारीमै दिन, रात जाग्राम बस्नुपर्छ' मल्लले भने । बाँदर र बँदेलको समूहले मानिसलाई समेत आक्रमण गरेर घाइते समेत बनाउने भएकाले स्थानीय त्रसित भएका छन् । चारैतिर जंगल रहेको उक्त गाउँका सबै किसान खेतको बीचमा टिन हालेर दिन रात हल्ला गर्दै बाँदर, बदेल भगाउन बस्ने गरेका छन् । बँदेलले पूरै बाली सखाप गरिदिएपछि जंगल नजिकका जग्गामा त कतिपयले खेती लगाउनै छोडेकाका छन् । केही वर्षपहिले खोला, जंगल नजिकका भेगमा मात्र बाँदर र बदेलले बाली नोक्सान गर्नेमा पछिल्लो सयम गाउँवस्तीतिर पनि यस्तै समस्या आएको हो । एकातर्फ जमिनमा खेती नगरेर बाँझो राख्ने चलन बढ्दै जानु र अर्कोतर्फ गाई भैसी पाल्ने क्रम विस्तारै घट्नुले वनजंगल क्षेत्र बढेर बाँदरसहित जंगली जनावरको आतंक बढेको हो । जिल्लामा बाँदरले किसान हैरानी भएपछि नेपाली काँग्रेस गुल्मीले भने त्यसको नियन्त्रणका लागि पहल थाल्लेको छ । उसले बैंठबाटै जनताले भोगी रहेको समस्या बादर आतंक नियन्त्रणका लागि राज्यस्तरबाटै सोचिनुपर्ने भन्दै नेपाली काँग्रेसको केन्द्रीय कार्यालयलाई अनुरोध गर्ने भएको हो । 'अहिले मकैखेतीको समय हो, बाँदर र बँदेलले मकैखेतीमा क्षति पुऱ्याउँदै आएको छ, यसलाई नियन्त्रण गर्न केन्द्रीय सरकारबाटै पहल थालिनुपर्छ, त्यसका लागि हामीले सरकारलाई अनुरोधका लागि पहल थालेका छौं' काँग्रेस सभापति खिलध्वज पन्थीले भने ।

# सोमबार पनि चल्न सकेन संसद्



**पाल्पा,** साउन २९/लगातार बैठक चल्न नदिएको प्रमुख प्रतिपक्षी एमालेले सोमबार पनि संसद् अवरोध गरेको छ । एक क्विन्टल सुन तस्करीको छानविन गर्नका लागि उच्चस्तरीय समिति गठनको माग गर्दै आएको एमालेले संसद् चल्न दिएन । एमालेको अवरोधपछि बैठक स्थगित गरिएको छ ।

एमालेको अवरोधसँगै सभामुख देवराज घिमिरेले आइतबार सम्मका लागि संसद् बैठक स्थगित भएको बताए । सभामुख घिमिरेले शून्य समय सुरु भएको घोषणा गर्नासाथ प्रमुख प्रतिपक्षी दल एमालेका सांसदहरु सिटबाट उठेर नारावाजी सुरु गरेका थिए । त्यसबीचमा सभामुख घिमिरेले कांग्रेसका सांसद सुनिल शर्मा र एमालेका सांसद मानवीर राईलाई आफ्नो भनाइ राख्न समय दिएका थिए । शर्माले आफूलाई पक्राउ गरिएको विषय र त्यसको घटनाक्रमबारे जानकारी गराएका थिए । शर्माले आफूलाई पक्राउ पुर्जी समेत नदिएर पक्राउ गरिएको भन्दै सरकारको विरोध गरेका थिए । एमालेका सांसद मानवीर राईले पनि सरकारको विरोध गरेका थिए ।

*(...बाँकी अन्तिम पेजमा)*

# बुटवलमा मिडिया सम्मेलन हुँदै

## विकासमा मिडियाको भूमिका र अवस्थाका बारेमा छलफल हुने

**बुटवल,** साउन २९/बुटवलमा राष्ट्रिय मिडिया सम्मेलन हुने भएको छ । प्रकाशन तथा प्रसारण संघ लुम्बिनीले एक दिने मिडिया सम्मेलन गर्न लागेको हो ।

संघले प्रदेशभित्र रहेका विभिन्न छापा माध्यम, रेडियो, टेलिभिजन तथा अनलाइन मिडियाहरुको संस्थागत विकास र व्यावसायिक एकरुपता कायम गर्न भदौ १ गते सम्मेलन गर्न लागेको छ । मिडिया सम्मेलनबाट प्रदेशको विकासमा यस क्षेत्रका मिडियाहरुको भूमिका र उनीहरुको अवस्थाका




विषयमा छलफल हुने संघ लुम्बिनीका अध्यक्ष नवराज कुँवरले जानकारी दिए । 'सम्मेलनमा सञ्चारमाध्यमले खेल्दै आएको भूमिका, उनीहरुको संस्थागत विकासका साथै रोजगारी र पेशागत सुरक्षाका विषयमा समेत बहस र छलफल हुनेछ' उनले भने । कुँवरका अनुसार सम्मेलनमा छापा माध्यम, विद्युतीय तथा अनलाइन प्रकाशन तथा प्रसारण संस्थाहरुबाट करिव १ सय २५ जना सञ्चालक तथा प्रकाशकहरुको सहभागिता रहने छ । मिडिया सम्मेलनमा सञ्चार माध्यमको हक हितका साथै वृत्ति विकास र पेशागत सुरक्षाको बारेमा पनि छलफल हुने संघका उपाध्यक्ष विष्णु भूषालले बताए ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## पर्यटन उठाउन ध्यान देऊ

मुलुकको आर्थिक मेरुदण्डका रुपमा पर्यटन व्यवसायीलाई लिने गरिन्छ, तर हिजोआज त्यहि व्यवसायी अत्यन्त कमजोर बनेको छ । कोरोना महामारीका बेलादेखि सुस्ताएको पर्यटन व्यवसायी अहिले केही उठे जस्तो गरे पनि खासै गति लिन सकिरहेको छैन । सरकारी तवरबाट समेत पर्यटन व्यवसायीलाई माथि उकास्ने काम हुन सकेको छैन । कोभिड महामारीका साढे दुई वर्षमा पर्यटक आएनन् । त्यो स्वाभाविकै हो, तर अब पनि पर्यटक आउँदैनन् भनेर त्यसतर्फ ध्यान नदिनु आफैलाई धोका दिनु हो । होटल तथा पर्यटन क्षेत्रमा करिब २० खर्ब लगानी पुगेको छ र यो थपिने क्रममा छ, तर पर्यटक भित्र्याउने खालका दीर्घकालीन योजनाहरु आउन सकेका छैनन् ।

अब सरकारले यो क्षेत्रको विकासका लागि थप कार्यक्रम ल्याउनु आवश्यक छ । निजी क्षेत्रले ठूलो जोखिम लिएर होटल पूर्वाधार तयार गर्दा बैंक तथा वित्तीय संस्थाको पनि खर्बौं लगानी परेको छ । जसमा अझै पनि महत्वपूर्ण सुधारको अवस्था नदेखिनु आफैमा विडम्बनापूर्ण अवस्था हो । विकासको आधार नै पर्यटन हो तर सरकारले अहिलेसम्म यसलाई बुझ्न सकेको छैन । पर्यटक प्रशस्त आए विदेशी मुद्राको आम्दानी त हुन्छ नै, त्यसका अतिरिक्त ठूलो मात्रामा रोजगारीका अवसर सिर्जना हुनेछन् । यस्तै स्थानीय वस्तुले बजार पाउने छन् । पर्यटकबाट हुने खर्चले धेरै होटल, लज तथा पर्यटक केन्द्रित व्यवसाय फस्टाउँछ । गाउँ-ठाउँमा पैसा आदान-प्रदान हुने हुँदा स्थानीयको आर्थिक अवस्था मजबुत हुन्छ । स्थानीयस्तरमा उत्पादित कला र सामग्रीले बजार पाउँछन् । यसरी पर्यटन व्यवसायले मुलुकको सिंगो अर्थतन्त्रमाथि सकरात्मक प्रभाव पारिरहेको हुन्छ । आयात र भुक्तान सन्तुलनका लागि आवश्यक पर्ने विदेशी मुद्रा आर्जनको प्रमुख स्रोतका रूपमा रहेको पर्यटन व्यवसायलाई वेवास्ता गर्ने हो भने देशले ठूलो आर्थिक भार व्यहोर्नुपर्ने हुन सक्छ । पर्यटनलाई पुनर्जीवन दिनका लागि पर्यटक आगमन तथा हालको विद्यमान व्यवस्थामा तत्काल सुधार गर्नुपर्छ । बढी भन्दा बढी पर्यटकहरु भित्र्याउने वातावरण सरकारले सिर्जना गरिदिनुपर्छ । यसका लागि सरकारले पर्यटनमैत्री थप कार्यक्रमहरु ल्याउन जरुरी छ ।

### Opinion @ Social Network

गुलाबको फूल भन्दा पनि तुल्सीको बोट
झै बनाउनु छ जिन्दगी जसलाई रोज्न होइन खोज्न परोस् ।
*(निर्मला रानाको फेसबुक स्टाटस https://www.facebook.com/Nirmala.Rana)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालको राजनीति र संक्रमणकाल



शंकरप्रसाद रिजाल

*राणाको अन्त्य र जनताको सरकार हुनु नै राजनीतिक सक्रमंको ठूलो मोड मानिन्छ । यो नेपालको इतिहासमा महत्वपूर्ण राजनैतिक संक्रमण मानिन्छ । त्यसपछि देशको पहिलो प्रधानमन्त्री मात्रिकाप्रसाद कोइराला भए । त्रिभुवन राजा छँदै थिए । तर राजा त्रिभुवन बिरामी भएर उपचारका लागि स्वीटजरल्याण्डको जुरिच गए । उपचारकै क्रममा राजा त्रिभुवनको मार्च १४, १९५५ मा निधन भयो । नेपालको इतिहासमा प्रजातन्त्रको प्राप्ति पश्चात पहिलो राजाको यसरी अन्त्य हुनुलाई राजैनिक संक्रमण नै मानिन्छ ।*

पृथ्वीनारायण शाहले नेपाललाई एकीकरण गर्नु भन्दा अगाडि यहाँ अनेकौं राजाहरुले राज्य गरेर बस्दथे । त्यो बेलामा पनि कोही राजाको मृत्यु पछि परिवारकै अर्का व्यक्तिले राज्य गरी बसेका थिए होला । त्यो पनि एक परिवर्तन नै भएकाले राजनैतिक संक्रमण नै मानिन्छ । किनकि संक्रमण भन्नु नै परिवर्तनले मोड लिनु हो । तर नेपाल अधिराज्यको एतिहासिक राजनैतिक संक्रमण बिशेष गरि पृथ्वीनारायण शाहले नेपाललाई एकीकरण गरे पश्चात नै शसक्त रुपमा प्रस्तुत गर्न सकिन्छ । यो भन्दा अगाडि गोर्खाका राजामा पहिलो पल्ट द्रव्य शाहले (सन् १५५९-१५७०), दोश्रो पुरेन्द्र शाह (१५७०-१६०५ ), तेस्रो छत्र शाह (१६०५-१६०६), चौथो रामशाह (१६०६-१६३३), डम्बर शाह (१६३३-१६४५ ), श्रीकृष्ण शाह (१६४५-१६६१ ), रुद्र शाह (१६६१-१६७३ ), पृथ्वीपति शाह (१६७३ -१७१६), नरभुपाल शाह ( १७१६-१७४३ ) राजा बनेका थिए । यो सबै गोर्खा राज्यबाट सुरु भएको राजनैतिक एतिहासिक संक्रमण थियो । रामशाह बाहेक अरु राजाले थोरै थोरै समय राज्य गरेता पनि एकले अर्कोलाई राज्य छोड्दा ठूलो कोलाहल भने मच्चिएको थिएन । यो नै संक्रमण कालको सकारात्मक पक्ष मानिन्छ । त्यसपछि पृथ्वीनारायण शाहको सन् १७७३ मा राज्य रोहण पश्चात उनले सारा टुक्रे राज्यलाई एकै ठाउँमा गाभेर नेपाल अधिराज्यको एकीकरण गर्ने काम सम्पन्न भयो । उनले नेपालको एकीकरण औपचारिक रुपमा २५ सेप्टेम्बर १७६८ मा घोषणा गरी गोरखाको राजधानी काठमाडौंमा सार्ने काम गरी शाहवंशको राज्य स्थापना गरेर आखिर ५२ वर्षको उमेरमा सन् जनअरी ११, १७७५ मा उनको निधन भयो ।

पृथ्वीनारायण शाहले राज्य एकीकरण गर्दा त्यसताका कैयौं राजनैतिक हताहत भए । कैयौं मारिए । अनिमात्र राजनैतिक संक्रमणले बिस्तारै बिराम पाएर शाहराजाको स्थिरता कायम भएको मानिन्छ । पृथ्वीनारायण शाहको मृत्यु पश्चात बंशजको हिसाबले उनका छोरा प्रताप सिंह शाह जनुअरी ११, १७७५ मा राजा भए । त्यस पछि फेरि १७७७ मा रणबहादुर शाह, त्यसपछि गिर्भाण युद्ध शाह (१७९९-१८१६ ), राजेन्द्र वीर बिक्रम शाह (१८१६-१८४७ ), सुरेन्द्र ( १८४७-१८८७ ) त्यसपछि त्रैलोक्य राजा भएका थिए । उनी करिब नौ बर्ष राजा भएपछि फेरि १८५६ मा जंगबहादुर राणाको उदय हुन पुग्यो । यसरी जंगबहादुरको उदय पश्चात देशमा राजाको सम्पूर्ण अधिकार खोसी सबै अधिकार राणा प्रधानमन्त्रीमा निहीत रहन पुग्यो । अनि राजा नाम मात्रका राजा बन्न पुगे । त्यसपछि १०४ वर्षको जहानिया राणा शाशनको उदय भयो । यो नेपालको राजनैतिक इतिहासमा ठूलो राजनैतिक संक्रमण थियो । किनकि सत्ता जबर्जस्ती राणामा गएको थियो । यसलाई हामी राजनीतिको वा राज्य व्यबस्थाको कालोरात पनि भन्ने गर्छौं । त्यसपछि पृथ्वी वीरबिक्रम शाह ११ डिसम्बर १९११ सम्म र १९११ डिसम्बर ११ देखि त्रिभुवन राजा भए । राजा त्रिभुवनको समयमा देशमा प्रजातन्त्रको लागि जनताहरु राणा बिरोधी पक्षमा नेपाल भित्र जताततै भित्री रुपमा लागी परेका थिए । देशमा सत्ता परिवर्तनको लागि खुलेआम जनताहरु मैदानमा उत्रिए । गंगालाल, शुक्रराज, धर्मभक्त र दशरथ चन्दलाई गोली हानि र झुन्ड्याएर मार्ने काम भयो । राणा सरकार धर्मराई सकेको थियो । उनको शासनमा ८ रेक्टरको भूकम्प आउने लागेको थियो । यो जर्जर व्यवस्थालाई हटाउन प्रजातन्त्र प्रेमीको साथमा अनेक जाल रचेर राजा त्रिभुवन गद्दीको पर्वाह नगरी स्वयं भारत निर्वासनमा गए । राजगद्दी अकस्मात खाली हुन पुगेपछि राणा सरकारले ३ वर्षका बालक ज्ञानेन्द्र शाहलाई राजा बनाए । तर ती राजालाई विश्वले मान्यता दिएन । त्यसपछि पुन: त्रिभुवन भारतबाट फर्किएपछि राजगद्दी सम्हाले । यो नेपालको राजनैतिक इतिहासमा ठूलो र नमिठो संक्रमण थियो । राजनैतिक उथलपुथल पछि त्रिभुवन कै पालामा ७ फेब्रुअरी १९५१ मा देशमा प्रजातन्त्र आउन सफल भयो । राणाको अन्त्य र जनताको सरकार हुनु नै राजनीतिक सक्रमंको ठूलो मोड मानिन्छ । यो नेपालको इतिहासमा महत्वपूर्ण राजनैतिक संक्रमण मानिन्छ । त्यसपछि देशको पहिलो प्रधानमन्त्री मात्रिकाप्रसाद कोइराला भए । त्रिभुवन राजा छँदै थिए । तर राजा त्रिभुवन बिरामी भएर उपचारका लागि स्वीटजरल्याण्डको जुरिच गए । उपचारकै क्रममा राजा त्रिभुवनको मार्च १४, १९५५ मा निधन भयो । नेपालको इतिहासमा प्रजातन्त्रको प्राप्ति पश्चात पहिलो राजाको यसरी अन्त्य हुनुलाई राजैनिक संक्रमण नै मानिन्छ । त्यसपछि राजा महेन्द्रको उदय भयो । ठूलो अन्योलमा १४ मार्च १९५५ मा महेन्द्र राजा भएपछि राजनीतिमा भित्र भित्र अनमेल थियो । सबै कुरालाई बिचार गरेर उनले परीक्षण गर्दै नेपालमा प्रजातन्त्र अनुरुप २०१५ मा आम चुनावमा जनताबाट निर्बाचित पहिलो प्रधानमन्त्री बिपी कोइराला बने । तर देश सुहाउँदो शासन चल्न नसकेको र देश भारतको इशारामा चल्न थालेको र जनताको पनि खासै उत्थान हुन नसकेकोले भन्दै बिंसं.२०१७ साल पुस १७ गते पहिलो जननिर्वाचित सरकार अपदस्थ गर्दै सम्पूर्ण पार्टीलाई नजरबन्दमा राखेर सम्पूर्ण अधिकार आफ्नो हातमा लिई राजा महेन्द्रले देशमा पञ्चायती व्यवस्थाको सुरुवात गरे । यो नेपालको वर्तवान इतिहासको ठूलो राजनैतिक संक्रमण मानिन्छ । लामो संघर्ष र बलिदानी पछि जनताको हातमा आइसकेको राज्यको अधिकार फेरि राजाको हातमा जानु राजनैतिक संक्रमण नै हो । राजनीतिको संक्रमणको बीचबाट गुज्रँदै र साथसाथै राम्रोसँग शासन गर्दै राजा महेन्द्रको २०२८ साल माघ १६ गते चितवनको दियालो बंगलामा असामयिक निधन भयो र नेपालले एक होनहार राजनेता गुमाउन पुग्यो । त्यसपछि उनका जेठा छोरा वीरेन्द्र २९ वर्षको उमेरमा सन् २४ फेब्रुअरी १९७५ मा राजा भए । बिना कुनै बाधा उनी नेपालको राजा भएका थिए । उनले आफ्ना पिता राजा महेन्द्रकै राजनैतिक दर्शन अनुसार राज्य गर्न थाले ।

विश्वको बिभिन्न विश्व विद्यालयमा अध्ययन गरेका विद्वान र बिबेकी राजा वीरेन्द्रले आफ्नो राज्याभिषेकको समयमा राजनीतिलाई अझ संयम र शान्त बनाउन नेपाललाई विश्व समक्ष शान्ति क्षेत्रको प्रस्ताव राखेकै हो । तर भारतमात्र त्यस्तो एउटा देश रह्यो जसले नेपालको शान्ति प्रस्तावलाई स्वीकार र समर्थन गर्न सकेन । किनकि उ यो देश अशान्त नै भइरहेको हेर्न र देख्न चाहन्छ । प्रजातन्त्रप्रेमी राजा वीरेन्द्र भएकाले उनले २ मे १९८० मा व्यवस्थामा सुधार ल्याउन साबिक कै व्यवस्था वा सुधारिएको पञ्चायती व्यवस्थाको जनमत गराए । तर साबिक कै व्यवस्थाले ५४.९९% ल्याई उही व्यवस्थाले नियमितता पायो । यो पनि एउटा एतिहासिक राजनैतिक संक्रमणको आयाम थियो । राजा आफैं अगाडि बढेर राजनैतिक संक्रमणको अबस्थालाई डटेर सामना गर्न सक्नु भनेको चानचुने कुरा होइन । यसै क्रममा देशका नेता र जनताको राजनैतिक इच्छानुसार २०४६ सालमा बहुदलीय प्रजातन्त्रको घोषणा गरी २०४७ सालमा जनताकै इच्छा अनुसार प्रधानमन्त्री कृष्णप्रसाद भट्टराइको नेतृत्वमा नयाँ संविधानको निर्माण गर्न लगाई देशलाई राजनैतिक संक्रमणबाट टाढा राख्न अथक प्रयास गरेकै हो । तर नेताहरुको बेइमानीले यो व्यवस्थालाई टिकाउन हम्मेहम्मे परेको थियो । भित्रभित्र राजनैतिक संक्रमण हुनको लागि कहीं कसैबाट प्रयास भैरहेको थियो । राजा वीरेन्द्रले सन् ८ फेब्रुअरी १९९० देखि ८ अप्रिल, १९९० सम्म चलेको राजनीतक बिद्रोहलाई मध्ये नजर गर्दै मे १९९१ मा पञ्चायतको अन्त्य र प्रजातन्त्रको स्थापना गरी देशलाई राजनैतिक संक्रमणबाट बचाई आफू संबैधानिक राजाको रुपमा बसेकै हुन् । तर देशमा राजा फाल्ने प्रयास भने अप्रत्यक्ष रुपमा चलेकै थियो । फलस्वरुप सन् १९९५ मा माओबादी जनयुद्ध भयो ।

विदेशी भूमिका बसेर देश र जनताका पक्षमा भनिएको शसस्त्र द्वन्द्वले मुलुकमा ठूलो जनधनको क्षति हुन पुग्यो । दश वर्षसम्म लगातार चलेको द्वन्द्वले हजारौं मारिए, लाखौं घाइते र अपांग बने । राजनैतिक संक्रमणको नाममा सयौं बैंक लुटिए, सयौं घर जलाइए । देश राजनैतिक, आर्थिक र सामाजिक हिसाबले संक्रमणमा चुर्लुम्ब डुब्न पुग्यो । यहीबीचमा दरबार हत्याकाण्ड भयो र राजा वीरेन्द्रसहित उनको समुल वंश नाश हुन पुग्यो । त्यसपछि राजा बनेका ज्ञानेन्द्रले केही वर्षसम्म शासन गरे । राजनीतिक आन्दोलनकाबीच संसद पुर्नस्थापना गरेपछि त्यही संसदको बलमा राजालाई गद्दीबाट हटाएर मुलुकमा गणतन्त्र घोषणा गरियो । र, गणतन्त्रका प्रथम राष्ट्रपति कांग्रेस पार्टीका नेता डा.रामबरण यादब हुन पुगे । यो नेपालको लागि ठूलो एतिहासिक राजनैतिक संक्रमण थियो । कहाँको राजसंस्था, काहाँको राष्ट्रपति राष्ट्रप्रमुख हुने गणतन्त्र । यसैका लागि अगाडि घटेका घटनाहरु कहीं बिदेशीको साथ र सहयोगमा भएका त थिएनन् । जे होस् संक्रमणको बेला योजनाबद्ध रुपमा घट्ने घटना भनेका यस्तै हुन् । डा.रामबरण यादवले २३ जुलाई २००८ देखि सन् २९ ओक्टोबर २०१५ सम्म राष्ट्रपति भई चलाए । उनकै पालामा बि.सं. २०७२ सालमा संबिधान सभाबाट नयाँ संबिधान पनि ल्याउने काम भयो । दोश्रो राष्ट्रपतिमा एमालेकी विद्यादेबी भण्डारी सन् २८ ओक्टोबेर २०१५ देखि १३ मार्च २०२३ सम्म राष्ट्रपति भई काम गर्न सफल भइन् । यसलाई हामी अर्को राज्नैतिक संक्रमणको रुपमा लिन सक्छौं । उनको कार्यकाल पछि फेरि अहिले कांग्रेस कै नेता रामचन्द्र पौडेल राष्ट्रपति पदमा आसिन छन् । यी सबै संक्रमणलाई श्रृंखलाबद्ध रुपमा हेर्दा नेपालमा यसरी पटक पटक संक्रमण हुनुमा पक्कै पनि नेपालका सम्पूर्ण नेताहरु र बिदेशीको ब्यापक सहकार्य र संलग्नता रहेको कुरा प्रष्ट छ । यसरी पार्टीका नेताहरु राष्ट्रपति फेरिइ फेरिइ भइरहने र सोही अनुसार प्रधानमन्त्री वा सरकार प्रमुख पनि २/२ वर्षमा फेरिइ रहने दुश्चक्रले देशको राजनीति र अर्थनीति चिन्ताजनक अवस्थाबाट गुज्रिरहेको छ । र, नेपालमा अर्को राजनैतिक संक्रमण छिट्टै नहोला भन्न सकिन्न ।

***-डिसी नेपाल डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०९९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आज धन खर्च बढ्नेछ । राजनैतिक कार्यमा बाधा आउनेछ । | **तुला** : आँटेको कार्य पुरा होला । राजनीतिक कार्यमा सफलता मिल्नेछ । |
| **वृष** : शुभारम्भको चर्चा चल्नेछ । अतिथिको रूपमा सत्कार पाइएला । | **वृश्चिक** : शुभकार्यको चर्चा चल्नेछ । मित्र जनबाट साथ सहयोग मिल्ने देखिन्छ। |
| **मिथुन** : धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । धर्मकर्ममा मन लाग्नेछ । | **धनु** :मानसिक चञ्चलपनले पेशागत हानी हुनेछ, तर आफन्तले साथ भने दिनेछन् । |
| **कर्कट** : लाभदायक यात्रा हुनेछ । परिवारसँग रमाइलो भेटघाट हुनेछ । | **मकर** : शुभ समाचार सुन्न पाइएला। ब्यापार व्यवसायबाट आम्दानी हुनेछ । |
| **सिंह** : अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । गरेका काममा ढिलासुस्ती हुनेछ । | **कुम्भ** :आफन्तको सहयोग प्राप्त हुनेछ। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **कन्या** :चिताएको कामले तीव्रता लिनेछ। साथीभाइबाट हौसला प्राप्त हुनेछ । | **मीन** : कुनै कुराले मनमा शान्ति छाउनेछ। धर्म र आस्था बढ्नेछ । |




# मन्त्रिपरिषदबाट पारित भयो साइबर सुरक्षा नीति




साइबर सुरक्षा नीति, २०८० मन्त्रिपरिषदबाट पारित गरिएको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले तयार पारेको मस्यौदा मन्त्रिपरिषदबाट पारित गरिएको हो । साइबर सुरक्षा सम्बन्धी विषयलाई सम्बोधन गर्न भन्दै मन्त्रालयले गत वैशाखमै साइबर सुरक्षा नीति, २०८० को मस्यौदा तयार पारेको थियो । सुरक्षित साइबर स्पेस निर्माणका लागि कानुनी र संस्थागत व्यवस्था गर्न, साइबर आक्रमणको जोखिम न्यूनीकरण गर्दै संवेदनशील राष्ट्रिय पूर्वाधार संरक्षण गर्न र साइबर स्पेसलाई सशक्त र सुदृण बनाउन साइबर सुरक्षा क्षेत्रमा अनुसन्धान, जनशक्ति उत्पादन एवम् कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने उद्देश्य यो नीति अघि बढाइएको मन्त्रालयले जनाएको छ ।

साथै, डिजिटल प्रणालीबाट प्रवाह हुने सेवालाई विश्वसनीय र सुरक्षित बनाउन र साइबर सुरक्षासम्बन्धी जोखिम न्यूनीकरका लागि द्विपक्षीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तमा समन्वय, अनुभव एवम् सहयोग आदान-प्रदान गर्ने उद्देश्य यो नीतिमा लिइएको छ । पारित भएको नीतिमार्फत विश्वयापी साइबर सुरक्षा सूचकांक स्कोर ४४.९९ बाट आगामी पाँच वर्षभित्र ६०, दश वर्षभित्र ७० र १५ वर्षभित्र ८० पुऱ्याउने लक्ष्य राखिएको छ । साइबर सुरक्षा क्षेत्रमा आवश्यक दक्ष जनशक्तिको कमी, बढ्दो साइबर अपराध, साइबर सुरक्षासम्बन्धी फितलो योजनाको कारण समस्या देखिन थालेपछि व्यस्थित गर्न भन्दै छुट्टै नीति लिइएको हो ।

साइबर सुरक्षा क्षेत्रमा आवश्यक विभिन्न विषयलाई समेट्दै साइबर स्पेसलाई सशक्त र सुदृढ बनाउन नीति उपयोगी हुने भन्दै मुख्य नौ वटा रणनीति अघि सारिएको छ ।

**यस्ता छन् रणनीति:**

१. सुरक्षित र उत्थानशील साइबर स्पेस बनाउन आवश्यक कानुन एवम् मापदण्डहरू तर्जुमा गर्ने ।

२. सूचना एवम् सूचना तथा सञ्चार प्रविधि प्रणालीको सुरक्षा गर्न संस्थागत संरचनाहरू निर्माण एवम् सुदृढीकरण गर्ने ।

३. साइबर सरुक्षालाई सदृढ गर्न सबल एवम् सुरक्षित प्रविधि, पूर्वाधार र प्रक्रियाको व्यवस्था गरी संवेदनशील राष्ट्रिय पूर्वाधारको पहिचान गरी संरक्षण गर्ने ।

४. साइबर सुरक्षासम्बन्धी दक्ष जनशक्ति उत्पादन अनुसन्धान र उपयोग गर्ने ।

५. साइबर सुरक्षाको लागि डिजिटल साक्षरता कार्यक्रम सञ्चालनमा ल्याई जनचेतना अभिवृद्धि गर्ने ।

६. सुरक्षित साइबर स्पेस निर्माणका लागि सार्वजनिक निकाय, निजी क्षेत्र र नागरिक समाजबीच समन्वय एवम् सहकार्य गर्ने ।

७. साइबर सुरक्षालाई सुदृढ गर्न अन्य मुलुक तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वयन एवम् सहकार्य गर्ने ।

८. साइबर सुरक्षाका लागि निरन्तर अनुगमन गरी सुरक्षित अनलाइन स्पेस निर्माण गर्ने ।

९. सफ्टवेयर विकासकर्ता एवम् आपूर्तिकर्ता, हार्डवेयर उत्पादन वा आपूर्तिकर्ता वा सेवा प्रदायकलाई आवश्यकता अनुसार जिम्मेवार बनाउने ।

*-सेतोपाटी डटकम*

# च्याट जिपिटीमा जागिरको अवसर




आर्टिफिसियल इन्टेलिजेन्सका कारण धेरै मानिसको जागिर गुम्दै गएको बारेमा त हामीले सुनिएकै हो । तर एआई प्रविधिले मानिसको जागिर खाइदिने मात्र होइन कैयन मानिसहरुलाई आकर्षक रोजगारीको अवसर पनि प्रदान गरेको छ । लोकप्रिय च्याटबट च्याट जिपिटीको मातृ कम्पनी ओपन एआईले केही योग्य जनशक्ति भर्ना गर्नका लागि विज्ञापन खुलाएको छ । कम्पनीको उक्त जागिरमा छनोट हुने जनशक्तिले वार्षिक करीब ६ करोड रुपैयाँ तलब सुविधा पाउनेछन् ।

ओपन एआईले उक्त आकर्षक जागिरका लागि योग्य जनशक्तिको खोजी गरिरहेको कम्पनीका एक वरिष्ठ अधिकारीले जानकारी गराएका छन् । गत वर्ष ओपन एआईले सार्वजनिक गरको च्याट जिपिटी निकै चर्चित तथा लोकप्रिय बनिरहेको छ । यो प्लाटफर्म आउने बित्तिकै धेरै मानिसहरुको रोजगारी संकट पर्नुका साथै धेरैलाई डरले सताउन थाल्यो । तर च्याट जिपिटीले मानिसको जागिरमा खतरा उत्पन्न गराउने मात्र होइन निकै आकर्षक जागिर प्रदान गर्नका लागि योग्य तथा प्रतिभावान व्यक्तिको खोजी गरिरहेको छ । च्याट जिपिटीमा जागिर पाउने ती जनशक्तिलाई कोडिङ, मेसिन लर्निङ तथा अन्य सम्बन्धित विषयहरुको बारेमा जानकारी हुनुपर्नेछ । यसका लागि कम्पनीले ती कर्मचारीलाई वार्षिक करीब ६ करोड रुपैयाँ तलब भत्ता सुविधा प्रदान गर्न तयार रहेको ती वरिष्ठ अधिकारीको भनाइ छ । ओपन एआई कम्पनीका सुपर अलाइनमेन्ट टीमका प्रमुख जान लेकीले यस विषयमा जानकारी गराएका छन् । हालै The 80,000 Hours Podcast नामक एक पडकास्ट शो का क्रममा उनले उक्त जागिरका विषयमा बताएका हुन् । उनका अनुसार अनुसन्धानमा आधारित ती पदहरु अहिले पनि रिक्त छन् । कम्पनीले धेरैजना अनुसन्धान इन्जिनियर, अनुसन्धान व्यवस्थापक तथा अनुसन्धान वैज्ञानिकको खोजी गरिरहेको लेकीले बताएका छन् । उम्मेदवारको सीप तथा योग्यताको विषयमा बोल्दै उनले भनेका छन्- सम्बन्धित व्यक्तिको कोडिङमा राम्रो पकड हुनुपर्दछ भने मेसिन लर्निङका विषयमा राम्रो जानकारी हुनुपर्दछ । यस विषयका अन्य जानकारीहरु कम्पनीले आफ्नो एक वेबपेजमा सूचिकृत गरेको उनले बताए । ओपन एआईको सुपर अलाइनमेन्ट टीममा अनुसन्धान इन्जिनियरहरुको सेफ्टी रिसर्च टिममा केही प्रयोग तथा डिजाइन गर्नका लागि जनशक्तिको आवश्यकता छ । उक्त पदको वार्षिक तलब २ लाख ४५ हजार अमेरिकी डलरदेखि ४ लाख ५० हजार अमेरिकी डलरसम्म हुनेछ । यसका अतिरिक्त भत्ता पनि प्रदान गरिनेछ ।

*-अनलाइन खबर डटकम*

# गुगल दर्ताको अर्थराजनीति : नेपाललाई कति फाइदा, कति बेफाइदा ?

**कृष्ण शर्मा :**




गुगलबारे अधिकांशले सुने पनि धेरैलाई गुगलले कसरी काम गर्छ, थाहा नहुन सक्छ । गुगलजस्तो बहुराष्ट्रिय कम्पनीले उपलब्ध गराउने सेवाहरूले हाम्रो जीवन जिउने तरिकामा आमूल परिवर्तन गरेको छ । खोज इन्जिन होस् वा इमेल, क्लाउड सेवा होस् वा क्वान्टम – कम्प्युटिङ गुगलले डिजिटल परिदृश्यमा छोटो समयमै क्रान्तिकारी परिवर्तन ल्याएको छ । गुगलका उच्च पदस्थ अधिकारीका अनुसार गुगलले प्रविधिमा ल्याएको यस किसिमको परिवर्तनलाई मानव समाजले पनि अनपेक्षित रूपमा स्विकारेको छ । नेपालजस्तो विकासशील देशमा विश्वको यस्तो शक्तिशाली गुगल कम्पनी व्यापारिक फाइदाका लागि कर प्रणालीमा दर्ता भयो । त्यसपछि नेपालभित्र यस विषयमा चर्चा र बहस हुनु स्वाभाविक हो । गुगलले नेपालमा दर्ता गरेपछि धेरैले स्वागत गरेका छन् । यस्तै, नेपालको अर्थतन्त्र र विदेशी लगानीको सम्भावनाका लागि सकारात्मक संकेतका रूपमा धेरैले हेरेका छन् । केहीले भने नेपालको स्वदेशी विद्युतीय कारोबार तथा इन्टरनेटमा आधारित प्रविधिसम्बन्धी व्यवसायमा गुगलको उपस्थितिले निम्त्याउने जोखिमका बारेमा चासो व्यक्त गरेका छन् ।

अन्य राष्ट्रहरूको तुलनामा नेपाल कमजोर अर्थतन्त्र भएको विकासशील देश हो । यसको कुल गार्हस्थ्य उत्पादन विश्वमै कममध्ये पर्छ । जबकि गुगल संयुक्त राज्य अमेरिकामा स्थापित सूचना प्रविधिमा कार्यरत एक बहुराष्ट्रिय कम्पनी हो । जसको प्रभाव विश्वव्यापी छ । कमजोर अर्थतन्त्र, अस्थिर राजनीति र स्थिर व्यापारिक वातावरणको अभाव आदिजस्ता कारण नेपालले उल्लेख्य मात्रामा विदेशी लगानी आकर्षण गर्न सकेको छैन । यी विषयमा तुलनात्मक सुधार नहुँदा नै गुगलको नेपालमा आगमन असहज रूपमा पनि हेरिएको छ । गुगलविरुद्धका समसामयिक घटना क्रमले पनि यस असहजतालाई थप मजबुत बनाएको छ । भारतको प्रतिस्पर्धा नियामकले गुगललाई प्रतिस्पर्धाविरोधी अभ्यासका लागि २०२२ अक्टोबरमा ९ अर्ब भारतीय रुपैयाँ जरिवाना सुनाएको थियो । यस निर्णयको एक हप्ताअघि मात्र पनि भारतले गुगललाई १३ अर्ब भारतीय रुपैयाँ जरिवाना गरेको थियो । यति मात्र होइन, उही प्रकृतिको मुद्दामा गुगललाई युरोपियन युनियनले पनि सन् २०१८ मा लगभग ५ बिलियन अमेरिकन डलर तिराएको थियो ।

नेपालमा बहुराष्ट्रिय कम्पनीको सूचना प्रविधि, विद्युतीय कारोबार तथा इन्टरनेट सम्बन्धी व्यवसायलाई नियमन गर्ने ऐन तथा नियमको कमी छ । यस्तो अभाव गुगलका लागि अवसर हो भने नेपालका लागि ठूलो चुनौती । गुगलको पछिल्लो वित्तीय प्रतिवेदन अनुसार सन् २०२३ को पहिलो त्रैमासिकमा कम्पनीको आम्दानी करिब ६९ बिलियन अमेरिकी डलर छ । यसलाई नेपालको कुल गार्हस्थ्य उत्पादनसँग तुलना गरेर हेरौँ । नेपालको आर्थिक वर्ष २०७८ र ७९ को कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा ४८ खर्ब ५१ अर्ब रुपैयाँ थियो । यस्तो अपार आर्थिक शक्ति र प्रभाव भएको गुगलले नेपालको कमजोर पक्षहरूमा शक्ति प्रयोग गरी आफ्नो हितका लागि अवस्थामा परिवर्तन ल्याउन कोशिस गर्न सक्ने प्रबल सम्भावना रहन्छ । त्यसैले नेपालमा गुगलको दर्तालाई देश र जनताको हितमा हुने गरी अर्थराजनीतिक विश्लेषण गर्दै भविष्यको योजना बनाउन आवश्यक छ । हो, एकथरीले औंल्याए जस्तै नेपालमा गुगल दर्ता भएको प्रसंगलाई विदेशी लगानीको थप सम्भावनाको संकेत मान्न सकिन्छ । यसले डिजिटल पूर्वाधारको विकास, रोजगारी सिर्जनालगायत क्षेत्रमा आवश्यक विदेशी लगानी भित्र्याउन योगदान पुऱ्याउन सक्छ । नेपालको प्राविधिक क्षेत्रमा थप लगानी ल्याउन र सम्भावित आर्थिक वृद्धि उक्सान सक्छ ।

नेपालमा गुगलको उपस्थितिसँगै नेपाली प्रयोगकर्ताले गुगल खोज, गुगल नक्सा, गुगल ड्राइभ, गुगल क्लास रुम लगायत गुगलका थप सेवामा अझ राम्रो पहुँच पाउन सक्छन् । साथै अहिलेसम्म प्रयोग गर्न नपाएका कतिपय सुविधा उपभोग गर्न पाउने छन् । जस्तै : गुगल पे । गुगलका सेवाहरूमा साना व्यवसायलाई फराकिलो तथा विश्व बजारका ग्राहकसम्म पुग्न मद्दत गर्ने क्षमता छ । यो नेपाली व्यवसायका लागि विशेष रूपमा लाभदायक हुन सक्छ । साना व्यवसायीका लागि आफ्नो पहुँच विस्तार गर्न र आफ्नो व्यवसाय सञ्चालनमा सुधार ल्याउन गुगलका सेवाहरू सहायक हुन सक्छन् । गुगलले आगामी दिनमा नेपाली प्रयोगकर्तालाई अझ राम्रो सेवा दिन आफ्ना उत्पादन र सेवालाई स्थानीयकरण गर्न सक्छ । आफ्ना उत्पादनलाई नेपालीमा अनुवाद गर्ने, स्थानीयकृत सामग्री उपलब्ध गराउने र नेपाली प्रयोगकर्ताको आवश्यकताअनुसार आफ्ना सेवा मिलाउने काम हुन सक्छन् । समग्रमा नेपालीको जीवन अझै प्रविधिमैत्री वा प्रविधिमा निर्भर हुने सहजै अनुमान गर्न सकिन्छ । यसले अन्तर्राष्ट्रिय बजारसँग नेपालको अर्थतन्त्रलाई जोड्ने सम्भावना पनि बढाउँछ । यस्ता सकारात्मक पक्षबाट उत्साहित भइरहँदा सचेत हुनुपर्ने पाटा पनि छन् । गुगल एक व्यापारिक कम्पनी हो । आफ्नो व्यवसाय वृद्धि गर्न नेपाल आएको छ । यसले आफ्नो व्यवसायमार्फत नेपालको पुँजी आफूतर्फ तान्ने प्रबल सम्भावना छ । यस कारण पुँजीको स्थानान्तरणसँग प्रविधिको क्षेत्रमा समेत नेपाल बहुराष्ट्रिय निगमको शक्ति र प्रभावमा पर्नेछ । नेपाललाई सदैव विकसित राज्यहरूको घेराभन्दा बाहिर राखी शोषण गर्न सक्छ । यस्तो अपार शक्ति र प्रभाव भएको गुगलले देशको कमजोर नियामक वातावरण र श्रम कानुनको फाइदा उठाउन सक्छ । विशेष परिस्थितिमा नेपालको आर्थिक तथा राजनीतिक स्थितिलाई निश्चित गति दिन आफ्नो शक्तिलाई प्रभावशाली बनाउन सक्छ । नेपालको डिजिटल सार्वभौमसत्तामा गुगलको प्रभावशाली उपस्थिति हुनेछ । विश्वव्यापी रूपमै प्रभाव कायम गरेको गुगल यहाँको स्थानीय कम्पनीहरू जस्तै नेपालको ऐन-नियम र निरीक्षणको अधीनमा नबस्न सक्छ । गुगलले आफ्नो फाइदाका लागि नेपालको डिजिटल परिदृश्यमै प्रभुत्व जमाउने आकलन गर्न गाह्रो छैन । गुगलका कतिपय सेवा-सुविधा केही हदसम्म निःशुल्क छन् । नेपालका स्थानीय व्यवसायलाई यसले ठूलै चुनौती दिन सक्छ । स्थानीय व्यवसाय गुगलले सिर्जना गर्ने चुनौती सामना गर्न नसकेर बन्द हुन सक्छन् । यसै पनि साना व्यवसायसँग विज्ञापन र मार्केटिङ सेवाका लागि सीमित स्रोत हुन्छन् । विश्वकै चौथो ठूलो कम्पनी गुगलसँग प्रतिस्पर्धा गर्न नै सक्दैनन् । नेपालमा लामो समयदेखि संघर्ष गरेर स्थापित भइरहेका सूचना प्रविधिसँग सम्बन्धित अनेकौं कम्पनीको अस्तित्व नै संकटमा पर्न सक्छ ।

आगामी मार्गदर्शन सहज छैन । सूचना प्रविधिको यस युगमा नेपाल सरकारले डिजिटल पूर्वाधारको विकासमा लगानी गर्नु जरुरी छ । सबै नेपाली नागरिकको इन्टरनेटमा पहुँच सुनिश्चित गर्न ब्रोडब्यान्ड र अन्य डिजिटल पूर्वाधारमा लगानी अत्यावश्यक छ । यी सरोकारलाई सम्बोधन गर्न नियम-कानुनको क्षेत्रमा समेत गुगलले काम गर्ने निश्चित छ । त्यसैले नेपाल सरकारले बलियो नियामक संयन्त्र बनाउन जरुरी छ । साथै नेपालका स्थानीय व्यवसायलाई सुरक्षित राख्ने उपाय समावेश गर्न उत्तिकै महत्त्वपूर्ण छ । साना व्यवसायी गुगलले लिन सक्ने अनुचित फाइदाबाट बेफाइदामा नपर्ने वातावरण सुनिश्चित बनाइनुपर्छ । यस परिप्रेक्ष्यमा वर्तमान अर्थतन्त्र, सूचना प्रविधि, विद्युतीय कारोबार तथा इन्टरनेटसम्बन्धी व्यवसायलाई नियमन गर्ने ऐन-नियम आफैंमा महत्त्वपूर्ण क्षेत्र हुनेछ । विद्युतीय प्रविधिसम्बन्धी कानुनको अध्ययन तथा विश्लेषणले आवश्यकता बढ्नेछ । यसका लागि नेपाल सरकारको सम्बन्धित निकाय, सरोकारवालाहरू र सार्वजनिक वृत्तमा घनीभूत छलफल चाहिन्छ । सामूहिक हितमा निर्णय गर्न यस्तो अभ्यास टड्कारो छ । अहिले यी पक्षबारे व्यापक संवाद भइरहेको पाइँदैन । अन्तमा, नेपालमा गुगलको दर्ताले देशको अर्थतन्त्रमा महत्त्वपूर्ण फाइदा पुऱ्याउने सम्भावना भए पनि चुनौती मनग्गे छन् । देशको ऐन-कानुनको प्रश्न होस् वा स्थानीय व्यवसायलाई असर पर्ने मुद्दा सरकार सामु ठूलै नीतिगत सवालहरू आइपरेका छन् । नेपालले आफ्नो अर्थतन्त्र र डिजिटल सार्वभौमसत्ताको रक्षा गर्दै गुगलको उपस्थितिबाट फाइदा लिन समेत यी पक्षलाई ध्यान दिनैपर्छ ।

*-रातोपाटी डटकम*

# रिब्दीकोटमा शारीरिक अपाङ्गता भएकालाई ह्विल चेयर

**कृष्ण पोखरेल**—



**पाल्पा,** साउन २९/जिल्लाको रिब्दीकोट गाउँपालिकाले शारीरिक अपाङ्गता भएका ब्यक्तिहरुलाई ह्विल चेयर वितरण गरेको छ । गाउँपालिकाले आफ्नो बजेटको केही रकमबाट उनीहरुलाई ह्विल चेयर वितरण गरेको हो ।

केही समय अघि पालिकाका विभिन्न स्थानका अपाङ्गता भएका व्यक्तिहरुलाई ह्विल चेयर वितरण गरेको पालिकाले यो हप्ता कुसुमखोला देविडाँडाका मोतीबहादुर लम्तरीलाई घरमै पुगेर ह्विल चेयर दिएको छ । गाउँपालिकाकी उपाध्यक्ष कान्ता अधिकारी, प्रमुख प्रशासकीय अधिकृत मदन अर्याल र स्वास्थ्य शाखा प्रमुख सुनिल अधिकारी लगायतको टोलीले लम्तरीको घरमै पुगेर ह्विल चेयर हस्तान्तरण गरेका छन् । लम्तरी रुखमा घाँस काट्ने क्रममा लडेर घाइते भएका थिए । रुखबाट लडेर घाइते भएका लम्तरीलाई ढाडको समस्याको कारण घर वरीपरी हिड्डुल गर्न, दिसा पिसावको लागि शौचालय जान समेत कठिनाइ हुँदै आएको थियो । ह्विल चेयरबाट घर वरपर हिड्डुल गर्न दिसा पिसाव गर्न सजिलो हुने लम्तरीले बताए । गाउँपालिकाले दु:खमा परेका, विभिन्न घटना दुर्घटनाबाट अपाङ्ग भएका व्यक्तिहरुलाई जनप्रतिनिधिहरु घर घरमै पुगेर अवस्था बुझेर ह्विल चेयर, बैशाखी जस्ता जीवनलाई साहारा हुने खालका आवश्यक सरसमान वितरण गर्दै आएको गाउँपालिका अध्यक्ष नारायणबहादुर कार्कीले बताए । उपाध्यक्ष कान्ता अधिकारीको संयोजकत्वमा रहेको अपाङ्ग समन्वय समितिमार्फत पालिका भित्रका जनताहरुलाई सहयोग गर्ने कार्यक्रम पालिकाले गर्दै आएको छ ।

वडाका जनप्रतिनिधीहरुले अपाङ्गताहरुको घर घरमै पुगेर अवस्था बुझिकन पालिकामा सिफारिस गर्ने सोही आधारमा अपाङ्ग समन्वय समितिले निर्णय गरेर पुन: जनप्रतिनिधीमार्फत घरमा सहयोग पुऱ्याउने नागरिकको अवस्था जानकारी लिने गरिएको समितिकी संयोजक तथा पालिका उपाध्यक्ष अधिकारीले बताइन् । पालिकाले श्रावण महिनामा वडा २ देउरालीमा २ वटा, वडा ५ कुसुमखोलामा ३ वटा, वडा ६ मा २ वटा, वडा ७ मा १ वटा र वडा ८ मा १ वटा गरी ९ वटा ह्विल चेयर वितरण गरेको छ । ह्विल चेयर पाएसँगै हिँडडुल गर्न सहज भएको भन्दै उनीहरुले स्थानीय सरकारलाई धन्यवाद दिएका छन् ।

गाउँपालिकाका सबै वर्ग, समुदायप्रति उत्तरदायी रहेको र उनीहरुको दैनिक जीवनलाई सहज बनाउन हरदम तयार रहेको प्रमुख प्रशासकीय अधिकृत मदन अर्यालले बताए । समितिले घरबाट बाहिर हिंडडुल गर्ने नसक्ने अपाङ्ग, जेष्ठ नागरिकहरुलाई घर-घरमै पुगी परिचयपत्र वितरण गर्दै आएको स्वास्थ्य संयोजक सुनिल अधिकारीले बताए ।

# बुटवलमा मिडिया सम्मेलन...

...सम्मेलनमा वरिष्ठ पत्रकार युवराज घिमिरेले सम्पादकीय सन्दर्भमा तथा हिमाल खवर पत्रिकाका प्रकाशक कनकमणि दीक्षितले मिडिया व्यवस्थापनका सन्दर्भमा कार्यपत्र प्रस्तुत गर्ने संघका सचिव माधव नेपालले जानकारी गराए । योगीकुटीस्थित होटल पौवामा आयोजना गरिने मिडिया सम्मेलनको उद्घाटन लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीकुमार चौधरीले गर्ने छन् । प्रदेशका गृहमन्त्री सन्तोषकुमार पाण्डेलाई पनि विशष्टि अतिथीको रुपमा निम्त्याइएको छ । कार्यक्रमको सम्पूर्ण तयारी पूरा भईसकेको संघका सदस्य गौतम भूषालले जानकारी दिए । संघले यसरी मिडिया सम्मेलन गर्न लागेको यो पहिलो हो ।

यस अघि लुम्बिनीमा राष्ट्रिय मिडिया सम्मेलन भएको थियो । नेपाल पत्रकार महासंघले आफ्नो ६८औं स्थापना दिवसको अवसरमा गत वर्ष २ दिने मिडिया सम्मेलन भएको थियो । त्यति बेला सदस्यता शुद्धीकरण, मुलुकमा देखिएको आर्थिक संकटले मिडियामा निम्ताएको असर र स्थानीय तहले बनाएका कानूनहरूका विषयमा बृहत् बहस र छलफल भएको थियो । सम्मेलनमा मिडियाका लगानीकर्ता, सरकारी प्रतिनिधि र रिसर्चरहरूको समेत सहभागी रहेको थियो ।

# सोमबार पनि चल्न...

...सुन प्रकरणमा सरकारले उच्चस्तरीय छानबिन समिति नबनाएको भन्दै राईले विरोध जनाएका थिए । केही समयको नारावाजीपछि सभामुख घिमिरेले आइतबारसम्मका लागि बैठक स्थगित गरेका थिए ।

निरन्तर अवरोधका कारण आम जनताका जल्दाबल्दा विषयमा छलफल र नियमित कार्यसूचीमा संसद् प्रवेश गर्न सकेको छैन । एमालेले साउन १० यता लगातार संसद् अवरुद्ध गर्दै आएको छ । साउन २ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट क्विन्टल भन्दा बढी सुन राजश्व अनुसन्धान विभागले बरामद गरेको थियो । त्यसको छानबिन सुरुमा राजश्व अनुसन्धान विभाग गरेको थियो भने पछि नेपाल प्रहरीको राष्ट्रिय अनुसन्धान ब्यूरो ( सीआईबी)ले गरिरहेको छ ।

एमालेले उक्त सुन तस्करीको छानबिन गर्नका लागि उच्चस्तरीय समिति गठन गर्न संसद् अवरोध गरेर दबाब दिइरहेको छ । एमालेले प्रधानमन्त्री र गृहमन्त्री नै सुन तस्करीमा संलग्न रहेको आशंका आफूलाई रहेको दाबी गर्दै आएको छ । सत्तापक्षका नेताहरुले भने सुन तस्करीमा राजस्व अनुसन्धान विभाग र प्रहरीले गरिरहेको अनुसन्धानलाई प्रभावित पार्न एमालेले उच्चस्तरीय छानबिन समितिको माग गरी संसद् अवरुद्ध गरिरहेको बताएका छन् ।


## कर्मचारी आवश्यकता

प्रकाशित मिति : २०८०/०४/३०

यस मोहनकन्या माध्यमिक विद्यालय तानसेन -४, पाल्पा विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०४/२२ गतेको बैठक निर्णय एवम शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको मिति २०८०/०४/२८ चलानी नं. १०४ प.स. २०८०/०८१ र तानसेन नगरपालिकाको च.नं. २४८ मिति २०८०/०४/२५ को सिफारिस पत्र अनुसार यस विद्यालयमा रिक्त रहेको कार्यालय सहायक लेखापाल करारमा नियुक्ती गर्नुपर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**तपशिल**

**विज्ञापन नं.** : ००२/०८०/०८१, **पद** : कार्यालय सहायक लेखापाल

**योग्यता** : व्यवस्थापन समुहबाट +२ उत्तीर्ण गरेको र कम्प्युटरमा राम्रो ज्ञान भएको

**तलब सुविधा** : सरकारी नियम अनुसार

**उमेर** : १८ वर्ष पूरा भइ ४० वर्ष ननाघेको, **दरखास्त दस्तुर** : रु.७००/-

**दरखास्त पेश गर्ने अन्तिम मिति** : २०८०/०५/१२ गते ४:०० बजेसम्म

**सम्पर्क मिति** : २०८०/०५/१३, **परीक्षाको किसिम** : लिखित र अन्तरवार्ता

**परीक्षा हुने मिति**: सम्पर्क मितिको दिन तोकिने छ ।

**आवश्यक कागजातहरू** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताका प्रमाणपत्रका प्रमाणित प्रतिलिपि, निरोगिताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिगत विवरण २/२ प्रति

**सम्पर्क नं.** : ९८४७०४३९३६, ०७५-५२००९२

**श्री मोहन कन्या माध्यमिक विद्यालय**

तानसेन-४, पाल्पा


## खेलकुद समाचार

# एसिया कपका लागि नेपाली क्रिकेट टोलीको घोषणा



**काठमाडौं,** साउन २९/पाकिस्तान र श्रीलंकामा आयोजना हुने एसिया कप क्रिकेटका लागि नेपाली टोलीको घोषणा भएको छ । नेपाल क्रिकेट संघ क्यानले सोमबार रोहित पौडेलको कप्तानीमा १७ सदस्यीय टोली घोषणा गरेको हो ।

एसिया कप क्रिकेट अगष्ट ३१ मा सुरु हुँदैछ । उक्त प्रतियोगितामा नेपाल भारत र पाकिस्तान रहेको समूह ए मा छ । नेपालले पहिलो खेल पाकिस्तानसँग अगष्ट ३१ मा मुल्तानमा खेल्नेछ एसिया कपअघि नेपाल टिमले पाकिस्तानमा एक साता तयारी गर्ने क्यानले जनाएको छ । जसमा नेपालले केही अभ्यास खेल पनि खेल्नेछ । १७ सदस्यीय टोलीमा रोहित पौडेल (कप्तान), कुशल भुर्तेल, सन्दीप लामिछाने, करण केसी, ललित राजवंशी, भीम सार्की, कुशल मल्ल, दीपेन्द्रसिंह ऐरी, गुल्सन झा, आरिफ शेख, आसिफ शेख, सोमपाल कामी, प्रतिश जिसी, किशोर महतो, सन्दीप जोरा, अर्जुन साउद र श्याम ढकाल रहेका छन् ।

## कर्पोरेट/अर्थ समाचार

# माछापुच्छ्रे बैंकले ल्यायो 'ट्याप एण्ड पे' सेवा



**पाल्पा,** साउन २९/माछापुच्छ्रे बैंकले अफलाइन 'टप एण्ड पे' सेवा सुरु गरेको छ । उसले ईएमभी स्ट्याण्डर्डमा आधारित टोकनाइज प्रविधिको प्रयोग गरी मोबाइल बैंकिङ एप्लिकेसनमा कन्ट्याक्टलेस अफलाइन 'टप एण्ड पे' सेवा सुरु गरेको हो ।

टोकनाइजलाई विश्वमा नै सबैभन्दा बढी सुरक्षित र भरपर्दो प्रविधिको रुपमा लिने गरिन्छ । जसमा ग्राहकहरुको खाता विवरणको सट्टा सिष्टम जेनेरेटेड कोडबाट कारोबार हुनेहुँदा ग्राहकको विवरण गोप्य र सुरक्षित रहने बैंकले जनाएको छ । बैंकका ग्राहकले तोकिएका निश्चित् मर्चेन्टहरुबाट पीओएसमार्फत कारोबार गर्दा बैंकको मोबाइल बैंकिङ एप्लिकेसन एमबीएल एम-स्मार्ट प्रयोग गरी आफ्नो फोनको माध्यमबाट ट्याप गरी भुक्तानी गर्न सक्ने बताइएको छ, हाललाई यो सेवा एनएफसी सपोर्ट गर्ने एण्ड्रोइड मोबाइलबाट प्रयोग गर्न सकिने र सेवा प्रयोग गरेबापत कुनै शुल्क नलाग्ने बैंकले जनाएको छ । बैंकले एफवानसफ्ट इन्टरनेसनल, नेपाल क्लियरिङ हाउस लिमिटेड र सिटिटेकसँगको सहकार्यमा सेवा सञ्चालनमा ल्याएको बताएको छ । यो नेपालको बैंकिङ्ग क्षेत्रमै पहिलो अफलाइन 'ट्याप एण्ड पे' सेवा हो । मुलुकभर फैलिएका शाखा सञ्जालहरू मार्फत बैंकले आफ्ना १४ लाख भन्दा बढि ग्राहकलाई अत्याधुनिक प्रविधियुक्त सेवा प्रदान गर्दै आइरहेको छ । समय सापेक्ष आफ्ना सेवा सुविधालाई थप पस्कृत र परिमार्जित गर्दै लैजाने रणनिती तथा ग्राहकलाई पूर्णरुपमा डिजिटल सेवाहरु प्रदान गर्ने लक्ष्यसहित बैंक अगाडि बढेको छ । बैंकले ओम्नी च्यानलमा आधारित अत्याधुनिक कल सेन्टर, व्यक्तिगत तथा कर्पोरेट इन्टरनेट बैंकिङ, आफ्नै वालेट, लगायतका यस्ता थुप्रै सुविधाको माध्यमबाट ग्राहकहरु बैंक आउनै पर्ने बाध्यता कम गर्दै लगेको छ ।


**कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा**

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८० श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

#### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

#### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

#### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

#### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

**कैलाशनगर मिडिया प्रा.लि.**

ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई